**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

प्रेस विज्ञप्ति - १७ अप्रिल २००६
(२०६२ वैशाख ४)

---

# इयान मार्टिनको गृहसचिवसँग भेट

हालैका प्रदर्शनी, पक्राउ र त्यसपछि थुनालाई व्यवस्थापन गर्ने सन्दर्भमा मानवअधिकार उल्लंघनबारे गम्भीर सरोकारका सवालहरूको उठान गर्न संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका नेपाल प्रतिनिधि श्री इयान मार्टिनले आज श्री ५ को सरकारको गृहसचिवसँग भेट गर्नुभयो ।

गोंगबु र अन्य ठाउँहरूमा सुरक्षाफौजका सदस्यहरूले प्रयोग गरेको अधिक बल, जुन नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका कर्मचारीहरूले देखेका थिए, विशेषत: त्यसबारे श्री मार्टिनले चिन्ता व्यक्त गर्नुभयो । ठूला प्रदर्शन व्यवस्थापनार्थ प्रहरीले अप्ठ्यारा अवस्थाको सामना गर्नुपरेको, कतिपय अवस्थामा ध्वंस र त्यसको फलस्वरुप कर्तव्य पालनाका क्रममा उनीहरू घाइते हुनुपरेको पनि उहाँले स्वीकार्नुभयो । तथापि बल र बन्दूक प्रयोग गर्दा अन्तर्राष्ट्रिय मापदन्डअनुरुप न्यूनतम बल प्रयोग गर्ने अधिकारीहरूको आफ्नो कानूनी दायित्वमा उहाँले जोड दिनुभयो । नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयलाई गृहसचिवले सुरक्षा बललाई उचित निर्देशन दिइसकिएको आवश्वसन दिनुभयो ।

बैठकका बेला श्री मार्टिनले पोखरा, चितवन, बनेपा, र परासीमा बटुवाहरू वा प्रर्दशनकारीहरूको हत्या र गोंगबुमा अत्यधिक बल प्रयोगका बारे अनुसन्धान गर्न जोड दिनुभयो ।

सर्वोच्च अदालतले गत जनवरी महिनामा भएका सबै यस्ता पक्राउ अवैधानिक भएको फैसला सुनाए पनि सार्वजनिक सुरक्षा ऐनको व्यापक प्रयोग भएकोमा

---

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***

इयान मार्टिनले गम्भीर चिन्ता व्यक्त गर्नुभयो । श्री मार्टिनले १२ वर्ष उमेरका बालबालिका तथा पत्रकार एवं नागरिक समाजका सदस्यहरूलाई थुनामा राखिएको औचित्य ठह¥याउन सार्वजनिक सुरक्षा ऐनको प्रयोग भएकोमा विशेष चिन्ता व्यक्त गर्नुभयो । कानुन व्यवशायीहरूले कानुनी सल्लाहका निम्ति विनाअवरोध थुनुवाहरूलाई भेट्न पाउने तथा थुनुवाका परिवारहरूलाई पक्राउबारे तुरुन्त जानकारी गराउनुका साथै उनीहरूलाई भेट्न पाउने पहुँच उपलब्ध गराउन स्पष्ट निर्देशनहरू दिन पनि उहाँले गृहसचिवलाई अनुरोध गर्नुभयो । सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनिएकाहरूका लागि सुविधाहरूको गम्भीर कमी भएकोमा पनि श्री मार्टिनले उच्चायोगको चिन्ता व्यक्त गर्नुभयो ।

“मैंले स्पष्ट शब्दमा हाम्रो कार्यालयका चासो तथा प्रदर्शनहरू व्यवस्थित गर्ने क्रममा मानवअधिकारको संरक्षण तथा थुनामा राखिएकाहरूको पर्याप्त सुविधाको व्यवस्था गर्ने दायित्व गृह मन्त्रालयले लिनुपर्ने हाम्रो अपेक्षा रहेको कुरा मैंले गृहसचिवलाई जाहेर गरेको छु,” मार्टिनले भन्नुभएको छ ।

हालै प्रदर्शनका क्रममा मानवअधिकार सरोकारका सवालका अतिरिक्त इयान मार्टिनले गत साता मोरङको बन्दीगृहमा भएको घटनाबारे चिन्ता व्यक्त गर्नुभयो, जहाँ आतंककारी र विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाँय) ऐन (टाडो) अन्तर्गत राखिएका कैयन बन्दीहरू नाइकेहरूको (अधिकारीहरूद्वारा गार्डको जिम्मेवारी प्राप्त बन्दी) आक्रमणबाट घाइते भएका र त्यसपछि अधिकारीहरूद्वारा घन्टौंसम्म औषधिउपचार गर्नबाट बञ्चित गरिएका थिए । सो घटनाबारे अनुसन्धान गर्न र नाइकेलाई बन्दीगृह ‘व्यवस्थापन’ गर्ने प्रणालीको गम्भीरका साथ समीक्षा गर्न पनि उहाँले आग्रह गर्नुभयो ।

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***